# स्थानीय राजपत्र

## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

*खण्ड:७)   लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत,  आषाढ ८ गते, २०८१ साल     संख्या: ८*

# भाग - २

### लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालयको

### सूचना

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नगर कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## <u>लेकवेशी नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति (कार्यसञ्चालन) कार्यविधि, २०८१</u>

स्वीकृत मितिः २०८१/११/०७

प्रमाणिकरण मितिः २०८१/११/०७

**प्रस्तावनाः**

लेकवेशी नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सिमा निर्धारण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (५) र लेकवेशी नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी लेकवेशी नगरपालिका, नगर कार्यपालिकाबाट यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. <u>**नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम **"स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति (कार्यसञ्चालन) कार्यविधि २०८१"** रहनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"नगरपालिका"** भन्नाले लेकवेशी नगरपालिका सम्झनुपर्छ ।

(ख) **"कार्यविधि"** भन्नाले श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति (कार्यसञ्चालन) कार्यविधि, २०८१ सम्झनुपर्छ ।

(ग) **"नगर प्रमुख"** भन्नाले लेकवेशी नगरपालिकाका नगर प्रमुख सम्झनु पर्छ ।

(घ) **"उप-प्रमुख"** भन्नाले लेकवेशी नगरपालिकाका उप-प्रमुख सम्झनु पर्छ।

(ङ) **"समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम गठित समिति बुझाउनेछ ।

(च) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनुपर्छ ।

(छ) **"सदस्य सचिव"** भन्नाले लेकवेशी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) **"आन्तरिक आय"** भन्नाले लेकवेशी नगरपालिकाको चालु आर्थिक ऐन अनुसार संकलन हुने रकम सम्झनु पर्छ ।

(झ) **"राजश्व बाँडफाँडबाट प्राप्त आय"** भन्नाले नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट राजश्व वितरणबाट प्राप्त हुने आय सम्झनु पर्छ ।

(ञ) **"वित्तीय हस्तान्तरण"** भन्नाले नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान सम्झनुपर्छ ।

(ट) **"आन्तरिक ऋण"** भन्नाले नगरपालिकाले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोगको सिफारिसको सिमा भित्र रही नगर सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि लिइने ऋण सम्झनुपर्छ ।

(ठ) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

## परिच्छेद - २
## समितिको काम, कर्तव्य र अधिकार

३. <u>**समितिको गठनः**</u> (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम समितिमा तल लेखिए बमोजिमको पदाधिकारी सदस्य रहने छन् ।

(क) संयोजक - नगर प्रमुख

(ख) सदस्य - उप-प्रमुख

(ग) सदस्य - कार्यपालिका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको चार जना

(घ) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

(२) नगर प्रमुखले सदस्य तोक्दा आफु सम्बद्ध राजनैतिक दल बाहेकको सदस्य समेत तोक्नु पर्नेछ । त्यस्तो सदस्य नभए यो प्रावधान लागु हुने छैन ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋृण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत बजेटको सिमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने,

(छ) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

५. **<u>बैठक सञ्चालनः</u>**

(क) समितिको बैठक बर्षमा बढीमा ६ पटक बस्नेछ । नगर प्रमुखले सदस्य सचिव मार्फत बैठक बोलाउने छ ।

(ख) बैठकमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) बैठक संयोजकको अध्यक्षतामा बस्नेछ । बैठकमा ५० प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएपछि बैठक सञ्चालन हुनेछ । बैठकमा सदस्य सचिवले सम्भावित आयका प्रक्षेपण, दायित्व पेश गर्नेछ ।

(घ) समितिले आफ्नो कार्य प्रत्येक वर्षको वैशाख १० गते भित्र सम्पन्न गरी सक्नुपर्नेछ । विशेष परिस्थितिमा नगर सभा हुनुभन्दा न्यूनतम २० दिन अगावै कार्य सम्पन्न गर्न सकिने छ ।

(ङ) बजेट प्रक्षेपण गर्दा आगामी वर्ष पछिको थप दुई वर्षको समेत गर्नु पर्नेछ ।

(च) समितिले तयार गरेको आगामी वर्षको बजेट तयार भएको मितिले ५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाका शाखा, उपशाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

६. **अनुमानित बजेट पेश गर्नुपर्नेः** प्राप्त बजेटको सिमा भित्र रही विषयगत शाखा, उपशाखा तथा वडा समितिले नगरपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी खाका प्राप्त भएका मितिले सामान्यतया ७ दिन भित्र कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

७. **बजेट तथा कार्यक्रम तर्जुमाः** समितिले तयार गरेको आयको प्रक्षेपण, वितरणको खाका र बजेट सिमामा आधारित भई लेकवेशी नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा ऐनको दफा ६७ बमोजिम उप-प्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नेछ ।

## परिच्छेद - ३
## विविध

८. यस कार्यविधिमा उल्लेखित विषय यसै बमोजिम हुनेछ । कुनै बाधा अड्चन सिर्जना भएमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

९. यस कार्यविधि लागु हुनु भन्दा अगाडि समितिले गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

१०. प्रचलित ऐनसँग यो कार्यविधि बाँझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**आज्ञाले**
**बखत बहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**